बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८०।०८१
चलानी नं.:

मिति:-२०८०/०५/११

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

यस बेलौरी नगरपालिका कार्यालयको मिति २०८०/०३/२३ को निर्णय अनुसार यस नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम देहायका शीर्षकहरुमा आन्तरिक स्रोतको कर उठाउन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ का लागि उल्लेखित शीर्षकमा तोकिएको दररेटमा ठेक्कामा लिन चाहने इच्छुक व्यक्ति / फर्म वा संघ संस्थाहरुले बोलकबोल अंक उल्लेख गरी तपसिलमा तोकिएको शर्त अधिनमा रही रितपूर्वकको सिलबन्दी निवेदन पेश गर्न १५ दिने सूचना आह्वान गरिएको छ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक प्रति वर्ष (भ्याट बाहेक) | अवधी |
|---|---|---|---|
| BELMUN/SQ/०२।२०८०/०८१ दोस्रो पटक प्रकाशित सूचना | पुरैना ताल माछापालन ठेक्का | ३,००,०००। (तीन लाख) | २०८५ साल असार ५ बर्ष |
| BELMUN/SQ/०४।२०८०/०८१ पहिलो पटक प्रकाशित सूचना | बन्तरिया ताल माछापालन ठेक्का | ४,५०,०००। (चार लाख पचास हजार) | २०८५ साल असार ५ बर्ष |

**ठेक्काका शर्तहरु**

१. पछिसम्म फिर्ता नहुने गरी तालको निवेदन दस्तुर रु. ५००।

२. व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी र फर्म वा संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी, चालु आ.ब.२०८०/०८१ को नवीकरण भएको कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ।

३. ठेक्का बढाबढ गरेको निवेदन सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ। र सिलबन्दी निवेदन खोलिने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. सूचनाको म्याद समाप्त भएको भोलीपल्ट दिउँसो १२:०० बजे सिलबन्दी खोलिनेछ र सबैभन्दा बढी अंक कबोल गर्नेको निवेदन स्वीकृत गरी उल्लेखित शीर्षकमा ठेक्कामा दिइनेछ।

५. निवेदन पेश गर्दा आफुले कबोल गरेको अंकको १० प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा बेलौरीमा रहेको (ग ३) खाता नं.४३९०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कलै भौचर निवेदन साथ पेश गर्नुपर्नेछ।

६. ठेक्का सम्झौता गर्दा आफुले कबोल गरेको अंकको पहिलो किस्ता बराबरको रकम जम्मा गरी र ठेक्का अवधीभरको टोटल रकमको ५० प्रतिशत वाणिज्य बैंकको जमानत पेश गरेपछि सम्झौता गरिनेछ।

७. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुने छन।

२०८०।५।११

तीर्थ दत्त अवस्थी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत